# स्थानीय राजपत्र

## देवघाट गाउँपालिकाद्वारा प्रकाशित

खण्डः ९ संख्याः ३ मितिः २०८२/०२/११

भाग — २

## देवघाट गाउँपालिकाको आर्थिक सहायता सम्बन्धी मापदण्ड, २०८२

## देवघाट गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

देवघाट, तनहुँ

गण्डकी प्रदेश, नेपाल

# देवघाट गाउँपालिकाको आर्थिक सहायता सम्बन्धी मापदण्ड, २०८२

कार्यपालिकाबाट स्वीकृत मिति: २०८२/०२/११
प्रमाणीकरण र प्रकाशन मिति: २०८२/०२/११

**प्रस्तावनाः**

लोककल्याणकारी राज्यको अवधारणा अनुसार आर्थिक, रुपले विपन्न, निरपेक्ष गरीबीको रेखामुनी रहेका दीर्घ रोगी, हिंसा पीडित तथा बेचबिखनमा परेका महिला, बालबालिका, विपन्न अति अशक्त अपांग र पूर्ण अशक्त अपांग, बेवास्तामा परेका ज्येष्ठ नागरिक लगाएत सामाजिक क्षेत्रमा क्रियाशील संघ सस्थाहरुका लागि आर्थिक सहायता प्रदान गर्न **स्थानिय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (२) बमोजिम** देवघाट गाउँ कार्यपालिकाले देवघाट गाउँपालिकाको आर्थिक सहायता सम्बन्धी मापदण्ड बनाएको छ।

## परिच्छेद- १
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ :** (१) यस मापदण्डको नाम "देवघाट गाउँपालिकाको आर्थिक सहायता सम्बन्धी मापदण्ड, २०८२ रहेको छ।

(२) यो मापदण्ड कार्यपालिकाबाट स्वीकृत भई स्थानीय राजपत्रमा प्रकाशित भएको मिति देखि लागू हुनेछ।

**२. परिभाषा:-** विषय प्रसंगले अर्को अर्थ नलागेमा

(क) “गाउँपालिका" भन्नाले देवघाट गाउँपालिकालाई सम्झनु पर्छ।

(ख) "गाउँ कार्यपालिका" भन्नाले देवघाट गाउँ कार्यपालिकालाई सम्झनु पर्छ।

(ग) “आर्थिक सहायता पाउन योग्य व्यक्ति" भन्नाले देवघाट गाउँपालिका भित्र वसोवास गरेको निरपेक्ष गरीबीको रेखामुनी रहेको भनी प्रमाणित भएका विपन्न नागरिक, मुटु, मृगौला, फोक्सो, कलेजो जस्ता शरिरका महत्वपूर्ण अंगहरुका रोगी एवं क्यान्सर पीडित व्यक्तिहरु, पक्षघात, यौन हिंसाबाट पीडित एवं बेचबिखनमा परेका महिलाहरु जोखिमपूर्ण वर्ग, हराएको वा बेवारिसे अवस्थामा फेला परेको, दुर्घटनामा परेको, बाबु

आमा कारागार या हिरासतमा रहेको बालबालिका, यौन शोषण, यौन दुर्व्यवहार, बाबु आमा वा संरक्षकबाट वञ्चित वा बाबु आमा नभएका बालबालिका, विपन्न, असहाय, अपांगता भएको सुस्त मनस्थिति भएका बालबालिका, एच आई.भी. एड्सबाट संक्रमित बालबालिका, बेसहारा बृद्धवृद्धा, उद्वार गर्नुपर्ने सुत्केरी, मृत्यु संस्कार र सामाजिक क्षेत्रमा क्रियाशील संघ संस्थाहरु बुझ्नु पर्दछ ।

(घ) "न्यायिक समिति" भन्नाले देवघाट गाउँपालिका अन्तर्गतको न्यायिक समिति सम्झनु पर्दछ ।

(ङ) "अध्यक्ष " भन्नाले देवघाट गाउपालिकाको अध्यक्षलाई सम्झनु पर्दछ ।

(च) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले देवघाट गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्दछ ।

## परिच्छेद-२
## आर्थिक सहायता सम्बन्धी मापदण्ड

**३. संघ संस्थालाई दिइने अनुदान सहायताः** (१)यस गाउँपालिकामा स्थापना भएका, दर्ता भएका, सुचीकृत भएका र गाउँपालिका क्षेत्रको हित अनुकुल हुने गरी दर्ता भएका संजाल र सामाजिक प्रकृतिका संघ, संस्थाले आयोजना गरेका सामाजिक कार्यहरुमा गाउँपालिकाबाट उपदफा (२) बमोजिम आर्थिक सहायता प्रदान गरी सहकार्य गरिने छ। उक्त कार्यक्रमले जिल्ला तथा गाउँपालिकाको पर्यटन प्रवर्धन, गाउँपालिकाको विकास लगायत क्षेत्रमा सकरात्मक प्रभाव पार्ने हुनु पर्नेछ । तर क्लब तथा सघ संस्थाहरु को वार्षिक साधारण सभा, वार्षिक नियमित कार्यका लागि आर्थिक सहायता प्रदान गरिने छैन ।

(२) गाउँ कार्यपालिकाको कार्यालयले देहायका कार्यक्रम सञ्चालन गर्न नियमानुसार दर्ता भएका संघ संस्थालाई अनुदान सहायता प्रदान गर्न सक्नेछ ।

(क) राहत तथा पुनर्स्थापना सम्बन्धी कार्यक्रम,

(ख) वातावरणमैत्री मसानघाट, चिहान, कब्रिस्तान जस्ता दाहसंस्कार व्यवस्थापन सम्बन्धी कार्यक्रम,

(ग) स्थानीय भाषा, संस्कृति संरक्षण र विकास सम्बन्धी कार्यक्रम,

(घ) ऐतिहासिक पोखरी, उद्यान, पाटी, पौवा, सत्तल, मन्दिर, गुम्बा, देवल, सामुदायिक भवन, वृद्धाश्रम आदिको निर्माण, मर्मत सम्भार तथा संरक्षण सम्बन्धी कार्यक्रम,

(ङ) खेलकुद विकास सम्बन्धी स्थानीय स्तरका कार्यक्रम,

(च) गाउँपालिकाले आवश्यक ठानेका अन्य कार्यक्रम।

(३) अध्यक्षले संघ संस्थालाई उपदफा (२) बमोजिमको कार्यक्रम सञ्चालन गर्न प्रति संघ सस्था रु. १०,०००।- (अक्षरुपी दश हजार) सम्म अनुदान सहायता उपलब्ध गराउन सक्नेछ ।

(४) उपदफा (३) मा तोकिए भन्दा बढी रकम संघ संस्थालाई उपलब्ध गराउनु परेमा गाउँ कार्यपालिकाले निर्णय गरी उपलब्ध गराउन सक्नेछ ।

(५) उपदफा (३) बमोजिमको अनुदान सहायता एउटा संस्थालाई एक आर्थिक वर्षमा एक पटक भन्दा बढी पटक उपलब्ध गराउन सकिने छैन ।

(६) यस दफा बमोजिमको अनुदान सहायता माग गर्ने संघ संस्थाले आफूले सञ्चालन गर्ने कार्यक्रमको विवरण खुलाई अनुसूची-१ बमोजिम निवेदन दिनु पर्नेछ ।

**४. दीर्घ रोगी तथा क्यान्सर पीडितलाई सहायता :** (१) आर्थिक सहायता पाउन योग्य दीर्घ रोगी (मृगौला, मुटु, फोक्सो, कलेगो, मस्तिष्क, पक्षघात तथा क्यान्सर पीडित) व्यक्तिले आर्थिक सहायता प्राप्त गर्नको लागि आवश्यक कागजात सहित गाउँपालिकामा निवेदन दिन सक्नेछन् ।

**स्पष्टीकरण:** आवश्यक कागजात भन्नाले आर्थिक रुपले विपन्न भनी सम्बन्धित वडा कार्यालयको सिफारिस, अस्पतालको रिपोर्ट, विल भरपाई, गाउँपालिकाको स्वास्थ्य संयोजकको सिफारिस लगायतका कागजात बुझ्नु पर्दछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि (मृगौला प्रत्यारोपण गरेका, डायलासिस गरिरहेका, क्यान्सर रोगी र मेरुदण्ड पक्षघात) का बिरामीलाई औषधी

उपचार वापत खर्च उपलब्ध गराउने सम्बन्धी कार्यविधि, २०७८ मा उल्लेखित दिर्घ रोगीले सोही कार्यविधि बमोजिम उपचार खर्च पाउनेछन्।

(३) उपदफा (१) बमोजिम प्राप्त निवेदन माथि अध्यक्षले बिरामीको अवस्था हेरी रु. ५,०००/- (पाँच हजार) देखि १०,०००/- (दश हजार) ) सम्म दोहोरो नपर्ने गरी आर्थिक सहायता दिन सक्नेछ।

(४) उपदफा (१) बमोजिमका रोगहरु बाहेक अन्य रोग लागेकाहरु तथा थप रकम उपलब्ध गराउनु आवश्यक ठानेमा कार्यपालिकाले निर्णय गरी सहायता प्रदान गर्न सक्नेछ।

(५) यस दफा बमोजिम उपचारका लागि आर्थिक सहायता माग गर्दा आवश्यक कागजात संलग्न गरी अनुसूची-२ बमोजिम निवेदन दिनुपर्नेछ।

**५. हिंसां पीडित तथा बेचविखनमा परेकालाई सहायताः** (१) यौन हिंसाबाट पीडित एवम् बेचविखनमा परेका महिलाहरुको तत्काल उद्धार गर्न गाउँ कार्यपालिकाको निर्णयानुसार रू ५०००/- (पाँच हजार) देखि १०,०००/- (दश हजार) सम्म आर्थिक सहायता उपलब्ध गराउन सकिनेछ।

(२) पीडितलाई न्याय दिलाउन एवं पुनर्स्थापनाको लागि न्यायिक समिति मार्फत आवश्यक पहल गरिनेछ।

**६. आर्थिक रुपले विपन्न र पीडित नागरिकलाई सहायताः** (१) वेवारिसे अवस्थामा फेला परेको, जवरजस्ती श्रमबाट पीडित भएको, बाबु आमा कारागार वा हिरासतमा रहेको वा कुनै कसुरसँग सम्बन्धित रहेको कारणले वेवारिसे रहेको, यौन शोषण, यौन दुर्व्यवहार, बेचविखन वा ओसारपसारमा परेको, हिंसा पीडित, बाबु, आमा वा संरक्षकबाट बन्चित, घरबारविहिन, अशक्त, विपन्न, अपांगता भएको, सुस्तमनस्थिति भएकी, सडक बालबालिका, एच.आई.भी. एड्सबाट संक्रमित बालबालिका भएमा तत्काल उद्धार गरी

पालनपोषणको लागि गाउँ कार्यपालिकाको निर्णय अनुसार ५,०००/- (पाँच हजार) देखि रू. १०,०००/- (दश हजार) संख्या आर्थिक सहायता उपलब्ध गराउन सकिनेछ ।

(२) उपखण्ड (१) मा उल्लेखित बालबालिकाको शिक्षादीक्षाको लागि सामुदायिक वा संस्थागत विद्यालयसँग समन्वय गरी छात्रवृत्ति मार्फत पठन पाठनको व्यवस्था गर्न सकिनेछ ।

७. **अस्पतालमा भर्ना भई अप्रेशन गराउनु पर्ने नागरिकलाई सहायता:** आकस्मिक दुर्घटना भई उपचार वा अप्रेशन गराउनुपर्ने आर्थिक सहायता पाउने योग्य व्यक्तिलाई अवस्था हेरी अस्पतालको विल भरपाई अनुसार रु. २०,०००/- (बीस हजार रुपैयाँ) मा नबढ्ने गरी आर्थिक सहायता उपलब्ध गराइनेछ ।

८. **बेवास्तामा परेको ज्येष्ठ नागरिकलाई सहायता** : ७० वर्ष उमेर पुगेका परिवारका सदस्यले बेवास्ता गरी भिन्न बसेका विपन्न रोगी एवं अशक्त ज्येष्ठ नागरिकले आर्थिक सहायताको लागि गाउँपालिकामा निवेदन पेश गरेमा र निवेदन मनासिव भएमा अध्यक्षबाट रु ५०००। देखि रू. १०,०००। सम्म आर्थिक सहायता दिई पुर्नस्थापनाको लागि आवश्यक पहल गर्न सकिनेछ ।

९. **विपन्न परिवारलाई मृत्यु संस्कार सहायताः** (१) आर्थिक रुपमा विपन्न परिवारमा दुर्घटना अथवा आत्महत्याको कारणले मृत्यु भइ सो को पोष्टमार्टम गर्न नसक्ने परिवारलाई पोष्टमार्टम गर्न, बजारिने लास फेला परेमा निजको सदगत गर्न वा व्यवस्थापन गर्न प्रमाण खुल्ने कागजात सहित निवेदन पेश हुन आएमा कार्यपालिकाले मनासिव ठहराएमा एकमुष्ट रुपमा रु. १५०००/- (पन्ध्र हजार रुपैयाँ) सम्म आर्थिक सहायता दिन सकिने छ ।

(२) उपदफा (१) बमोजिम सहयता दिन सिफारिस गर्दा सम्बन्धित वडा कार्यालयले निजको परिवारको नियमित आम्दानीको श्रोत नभएको, कुनै व्यापार व्यावसाय नभएको ब्यक्तिलाई सिफारिस गर्नुपर्ने छ ।

**१०. उद्धार गर्नुपर्ने सुत्केरीलाई सहायता:** पालिकाको क्षेत्रभित्र रहेका विपन्न एवं लक्षित वर्ग परेका र उद्धार गर्नुपर्ने अवस्थामा रहेका सुत्केरीलाई रु. ५०००/- (पाँच हजार रुपैयाँ) देखि रु. १०,०००/- (दश हजार रुपैयाँ) सम्म आर्थिक सहायता उपलब्ध गराउन सकिनेछ ।

## परिच्छेद - ३
## विविध

**११. आर्थिक सहायता भुक्तानी प्रक्रियाः** आर्थिक सहायताको भुक्तानी प्रक्रिया देहाय बमोजिम हुनेछ। (१) दफा ३ देखि १० बमोजिमको आर्थिक सहायताको भुक्तानी गर्दा देहाय बमोजिम विवरण सहितको निवेदनमा गाउँपालिका अध्यक्ष वा निजको अनुपस्थितिमा का.वा. अध्यक्षबाट वा प्रमुख प्रशासकीय अधिकृतबाट तोकआदेश भुक्तानी दिनु पर्नेछ ।

(क) व्यहोरा खुलेको निवेदन, नागरिकताको प्रमाणपत्रको फोटोकपी र सम्बन्धित वडा कार्यालयको सिफारिस ।

(ख) उपचारको हकमा अस्पतालले चेक जाँच गरेको कागजात, उपचारसँग सम्बन्धित विल भरपाई एवं एम्बुलेन्सको भाडा विल ।

(२) दफा ३ बमोजिम आर्थिक सहायताको भुक्तानी गर्दा संघ वा संगठनको आधिकारिक पत्र भएको हुनुपर्नेछ ।

(३) आर्थिक सहायता रकम बैंक खाता मार्फत उपलब्ध गराउनु पर्नेछ ।

(४) गाउँ सभाले विनियोजन गरेको बजेटको परिधि भित्र रही एक व्यक्ति, संघ संगठनलाई एक आ.व.मा एक पटक भन्दा बढी आर्थिक सहयोग गरिने छैन ।

**१२. निवेदनको ढाँचा :-** दफा ५, ६, ७, ८, ९ र १० अनुसार आर्थिक सहायता पाउन अनुसूची-३ को ढाँचामा निवेदन दिनु पर्नेछ ।

**१३. अधिकार प्रत्यायोजन गर्न सकिने:** यस मापदण्ड अनुसार आर्थिक सहायता सम्बन्धी निर्णयको अधिकार गाउँ कार्यपालिकाको तर्फबाट अध्यक्षलाई हुनेछ ।

**१४. आर्थिक सहायता वजेट सम्बन्धमा:** (१) यस मापदण्ड बमोजिम आर्थिक सहायता उपलब्ध गराउन गाउँ सभाले प्रत्येक आर्थिक वर्षका लागि वजेट विनियोजित गर्नुपर्नेछ।

(२) उपदफा (१) बमोजिम विनियोजित वजेट रकमबाट आर्थिक सहायता रकम भुक्तानी गरिनेछ।

## परिच्छेद - ४
## संशोधन, खारेजी तथा बचाउ

**१५. संशोधन तथा परिमार्जन**: यस मापदण्डलाई व्यवस्थित बनाउन आवश्यकता अनुसार गाउँ कार्यपालिकाबाट संशोधन तथा परिमार्जन गर्न सकिने छ।

**१६. बाधा बडकाउ फुकाउने:** यस कार्यविधिको कार्यान्वयनमा कुनै बाधा अड्काउ आई परेमा यसको बाधा अड्काउ फुकाउने अधिकार कार्यपालिकामा रहनेछ।

**१७. खारेजी र बचाउ:** (१) देवघाट गाउँपालिकाको राहत वितरण तथा व्यवस्थापन मापदण्ड, २०७६ खारेज गरिएको छ।

(२) यो मापदण्ड लागू हुनुपूर्व भएका निर्णयहरु यसै बमोजिम भएको मानिने छ।

(३) यस मापदण्डमा व्यवस्था भएका कुराहरुको हकमा यसै अनुसार अन्य प्रचलित कानुनसँग बाझिएको हकमा बाझिएको हदसम्म अमान्य हुनेछ।

**अनुसूची-१**
**(दफा ३ सँग सम्बन्धित)**

मितिः..................

श्रीमान् अध्यक्ष/प्रमुख प्रशासकीय अधिकृत ज्यू,
देवघाटगाउँपालिका, तनहुँ।

विषय :- आर्थिक अनुदान सहायता उपलब्ध गराईदिन हुन।

महोदय,

प्रस्तुत विषयमा देवघाट गाउँपालिका वडा नं. ................ मा अवस्थित .......................... ...................................... संस्था यस कार्यालयमा नियमानुसार दर्ता भई सामाजिक संस्थाको रुपमा संचालनमा रहेको र देवघाट गाउँपालिकाको आर्थिक सहायता मापदण्ड, २०८२ को दफा ३ मा उल्लेखित कार्यको लागि यस कार्यालयबाट आर्थिक अनुदान सहायता उपलब्ध गरी पाउँ भनी वडा कार्यालयको सिफारिस सहित आवश्यक कागजात संलग्न गरी यो निवेदन पेश गरेको व्यहोरा अनुरोध छ।

संलग्न कागजात

१. संस्था दर्ताको प्रमाणपत्र

२. कर चुक्ता

३. वडा कार्यालयको सिफारिस

४. बैंक खाता नं.

निवेदन पेश गर्ने

संस्थाको नाम:

संस्थाको प्रतिनिधिको नाम:

दस्तखत:

मिति:

कार्यालयको छाप:

## अनुसूची-२
## (दफा ४ सँग सम्बन्धित)

मिति:............................

श्रीमान् अध्यक्ष/प्रमुख प्रशासकीय अधिकृत ज्यू,
देवघाटगाउँपालिका, तनहुँ।

विषय :- आर्थिक सहायता उपलब्ध गराईदिन हुन।

महोदय,

प्रस्तुत विषयमा म/हामी .............................. रोगले ग्रसित भई ............................गर्नुपर्ने व्यहोरा अवगत गराउँदछु छौं । उपचारको लागि म र मेरो परिवारको आर्थिक अवस्था नाजुक भएकोले सो को लागि कार्यालयको नियमानुसार आर्थिक सहायता उपलब्ध गराईदिनु हुन तपसिलका कागजातहरु यसैसाथ संलग्न पेश राखि पेश गर्दछु/ गर्दछौ।

तपसिल

१. आर्थिक रुपले विपन्न भएको बडाको सिफारिस तथा प्रमाणित प्रतिलिपि
२. नागरिकता जन्मदर्ता/विवाहदर्ता को प्रतिलिपि
३. अस्पतालको रिपोर्ट लगाएतका विल भरपाई
४. स्वास्थ्य शाखाको सिफारिस
५. बैंक खाता नं.

| दायाँ | बायाँ |
|---|---|
| | |

**निवेदकको:**
दस्तखत:
नाम:
ठेगाना:
सम्पर्क नं.:

**अनुसूची-३**
**(दफा ५,६,७,८,९,१० सँग सम्बन्धित)**

मितिः............................

श्रीमान् अध्यक्ष/प्रमुख प्रशासकीय अधिकृत ज्यू,
देवघाट गाउँपालिका, तनहुँ।

विषय :- आर्थिक सहायता उपलब्ध गराईदिन हुन ।

महोदय,

प्रस्तुत विषयमा म .............................. असहाय/विपन्न/अन्य कारण परेको र मेरो घर परिवारको आर्थिक अवस्था निकै कमजोर भएको हुँदा यस पालिकाबाट आर्थिक सहयोग पाउँ भनी यो निवेदन पेश गरको छु।

संलग्न कागजात:

१. नागतिकता प्रमाण पत्र
२. बैंक खाता नं.
३. वडा कार्यालयको सिफारिस
४. अन्य आवश्यक कागजात

**निवेदकको:**
दस्तखत:
नाम:
ठेगाना:
सम्पर्क नं.:

आज्ञाले
जगत बहादुर बस्नेत
प्रमुख प्रशासकीय अधिकृत